विभागीय प्रतिवेदन

नेपाली विभाग २०२३-२०२४

## सन्त जोसेफ्स महाविद्यालयमा भानु भाषा स्मृति दिवस कार्यक्रम

३० अगस्ट दार्जिलिङ, सन्त जोसेफ्स महाविद्यालयमा ३० अगस्टको दिन धुमधामसँग भानु भाषा स्मृति दिवस कार्यक्रम पालन गरियो। कार्यक्रममा अध्यक्ष प्राचार्य डोनाटस कुजुर, विशिष्ट अतिथि डा. पदम नेपाल, उपप्राचार्य फादर विनय जेभियर, अतिथि निर्णायक साउथफिल्ड महाविद्यालयका प्राध्यापक धनकुमार देवान, दार्जिलिङ सरकारी महाविद्यालयका प्राध्यापक डा. भुपेन तामाङ, सन्त जोसेफ्स महाविद्यालयका प्राध्यापिका सुष्मा गुरूङ घोष, प्राध्यापक डा. अनिरुद्र गुरूङ उपस्थित थिए। कार्यक्रम दीप प्रज्ज्वलन र नेपाली विभागका विभागाध्य डा. योगेश पन्तको सम्भाषण पछि सुरु भएको थियो।

कार्यक्रममा डा. पदम नेपालले भानु र भाषाबारे ज्ञानवर्धक सम्भाषण राखेका थिए। कार्यक्रममा महाविद्यलयका विभिन्न विभागका विद्यार्थीहरूले रामायण पाठ प्रतियोगितामा भाग लिएका थिए। यस प्रतियोगितामा अङ्ग्रेजी विभागका विद्यार्थी पहिलो, बिबिए विभागका दोस्रो र नेपाली र भौतिक विज्ञान विभागका विद्यार्थीहरू तेस्रो भएको थियो। यस कार्यक्रममा रामायण पाठबाहेक विद्यार्थीहरूले डान्स क्लबका विद्यार्थीहरूले सांस्कृतिक गीत र नृत्यहरू पनि प्रस्तुत गरेका थिए। कार्यक्रममा महाविद्यालयका उप-प्राचार्य, विभिन्न विभागका प्राध्यापक-प्राध्यापिकालगायत विद्यार्थीहरू उपस्थित थिए। प्राध्यापक भुपाल छेत्रीद्वारा सञ्चालित कार्यक्रममा स्वागत भाषण डा. राधा शर्माले राखेकी थिइन् भने धन्यवाद ज्ञापन् बलराम सापकोटाले राखेका थिए।

## विद्यार्थी सङ्गोष्ठी

२२.०३.२०२४ का दिन विभागले एउटा विद्यार्थी सङ्गोष्ठीको आयोजन गरेको थियो। विद्यार्थीहरूलाई लिएर गरिएको यस सङ्गोष्ठीमा विद्यार्थीहरूले नेपाली लोक साहित्य विषयमा आफ्नो सङ्गोष्ठी पत्र प्रस्तुत गरे। यस सङ्गोष्ठीमा महाविद्यालयका प्राचार्य ड़ा फा डोनाटस कुजुरको महत्त्वपूर्ण उपस्थिति रहेको थियो। विभाग प्रमुख डा योगेश पन्त र प्राध्यापिका डा. राधा शर्माले विद्यार्थीलाई प्रोत्साहन गर्दै पढाईका क्षेत्रमा सधैँ अघि बढ्ने

हौसला प्रदान गरेका थिए। यस सङ्गोष्ठी कार्यक्रममा महाविद्यालयका प्राध्यापकहरूको विशेष उपस्थिति थियो।

**सोनादा डिग्री महाविद्यालयमा अन्तर महाविद्यालय नेपाली तर्क प्रतियोगिता**

१७ मई दार्जिलिङ, सोनादा डिग्री महाविद्यालयमा नेपाली विभागको तत्त्वावधानमा अन्तर महाविद्यालय नेपाली तर्क प्रतियोगिता कार्यक्रम सम्पन्न भएको थियो। नेपाली विभागका प्राध्यापक प्राध्यापिकाहरूको सक्रियता र महाविद्यालयको आर्थिक सहयोगमा सन्त जोसेफ्स महाविद्यालयका दुवै तार्किक विद्यार्थीलाई तयार पारिएको थियो। यस तर्क प्रतियोगितामा सभापतिका रूपमा भारप्राप्त प्राचार्य डा रागिनी थापा, टेबुलेटरका रूपमा त्यसै महाविद्यालयका प्रा. अबु बक्कर सिद्दिकी अनि निर्णायकहरूका रूपमा क्रमैले पूर्व शिक्षिका डा. गीता छेत्री, प्राध्यापक डा. राजकुमार छेत्री, शिक्षक डा. इगम खालिङ उपस्थित थिए।







'मातृभाषामा शिक्षा' भन्ने विषय रहेको यस तर्क प्रतियोगितामा सोनादा डिग्री महाविद्यालय, सन्त जोसेफ्स महाविद्यालय, साउथफिल्ड महाविद्यालय, घूम जोरबङ्गलो महाविद्यालय, खरसाङ महाविद्यालय र कालेबुङ महाविद्यालय गरी जम्मा छ:वटा महाविद्यालयका विद्यार्थीहरूले पक्ष र विपक्षमा रही आ-आफ्ना तर्क प्रस्तुत प्रस्तुत गरेका थिए। निकै उत्साहवर्धक रहेको यस तर्क प्रतियोगितामा सन्त जोसेफ्स महाविद्यालय पहिलो वा विजेता भएको थियो। यसपछि क्रमैले दोस्रो कालेबुङ महाविद्यालय र तेस्रो घूम जोरबङ्गलो

महाविद्यालय भएको थियो। निर्णायकहरूका अङ्क परिणामअनुसार सर्वश्रेष्ठ वक्ता कालेबुङ महाविद्यालयका विद्यार्थी सङ्गम थापा भएकी थिइन्।

द्वीप प्रज्ज्वलनपछि सुरू भएको यस तर्क प्रतियोगितामा सभापतिले अध्यक्षीय सम्भाषण राख्दै विद्यार्थीहरूलाई प्रोत्साहित गर्दै तर्कको महत्त्वबारे अवगत गराइन् साथै चेतना हुनु र वौद्धिक प्रतिभावान हुनमा तर्कको भूमिका सर्वोपरि रहेको कुरा अवगत गराइन्। कार्यक्रममा प्राध्यापिका डा. राधा शर्माले मातृभाषामा शिक्षा विषयको महत्त्वबारे अवगत गराएकी थिइन्। कार्यक्रमको सञ्चालन र धन्यवाद ज्ञापन् प्रा. मेघनाथ गरेका थिए।

जुलाई, २०२३ देखि जुन, २०२४ सम्म विभागका शिक्षकहरूले प्रकाशित गरेका पुस्तक र पत्रहरूको विवरण यस प्रकार छन्-

१. डा राधा शर्मा, साउथफिल्ड महाविद्यालयको नेपाली विभागद्वारा आयोजित **भारतीय नेपाली चलचित्र अध्ययन र विमर्श,** शीर्षक राष्ट्रिय सङ्गोष्ठीमा सत्र अध्यक्ष, १६ मार्च २०२४.